# लोक सेवा आयोग
# केन्द्रीय कार्यालय, अनामनगर
## सिलबन्दी दरभाउपत्र/बोलपत्र आह्वान सम्बन्धी सूचना
## सूचना नं. १३२/०७६-०७७
**(गोरखापत्रमा प्रथम पटक प्रकाशित मिति : २०७६/०५/०९)**

आ.व.०७६/७७ मा आयोगलाई आवश्यक पर्ने तपसिलमा उल्लेखित कार्यालय सामानहरु तथा सेवा सिलबन्दी दरभाउपत्र/बोलपत्रको माध्यमबाट खरिद गर्नुपर्ने भएकोले फर्म, संस्था वा कम्पनी दर्ताको प्रमाणपत्र, व्यवसाय दर्ताको इजाजत प्राप्त इच्छुक फर्म, संस्था वा कम्पनीहरुबाट देहाय बमोजिमको शर्तहरुको अधिनमा रही रित पूर्वकको सिलबन्दी दरभाउपत्र/बोलपत्र पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

१. दरभाउपत्र/बोलपत्र फाराम खरिद गर्न फर्म, संस्था वा कम्पनी दर्ताको प्रमाणपत्र, व्यवसाय दर्ताको इजाजत प्राप्त इच्छुक फर्म, संस्था वा कम्पनीहरुबाट प्रथमपटक सूचना प्रकाशित भएको मितिले बोलपत्रको हकमा ३० औं दिन र दरभाउपत्रको हकमा १५ औं दिनसम्म कार्यालय समयभित्र चालु आ.व. को लागि नवीकरण भएको फर्म, संस्था वा कम्पनी दर्ताको प्रमाणपत्र, व्यवसाय दर्ताको इजाजतपत्र, स्थायी लेखा दर्ता प्रमाणपत्र, मू.अ.कर दर्ता प्रमाणपत्र एवम् आ.व. ०७४/०७५ को कर चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपी, बोलपत्रदाताले खरिद कारवाहीमा भाग लिन अयोग्य नभएको, प्रस्तावित खरिद कारवाहीमा आफ्नो स्वार्थ नबाझिएको र सम्बन्धित पेशा वा व्यवसाय सम्बन्धी कसूरमा आफूले सजाय नपाएको भनी लिखित रुपमा गरेको घोषणा पत्रहरु संलग्न राखी लिखित निवेदन सहित बोलपत्रको हकमा रु.३०००।- (फिर्ता नहुने गरी) र सिलबन्दी दरभाउपत्रको हकमा रु.१०००।- (फिर्ता नहुने गरी) राजस्व दस्तुर बुझाई यस आयोगको जिन्सी शाखा अनामनगरबाट खरिद गर्न सकिने छ ।

२. खरिद गरिएको दरभाउपत्र प्रथम पटक सूचना प्रकाशित भएको मितिले १६औं दिन र बोलपत्र ३१औं दिन दिनको १२.०० बजे भित्र यस आयोगको नाममा सम्बोधन गरी दरभाउपत्र/बोलपत्र फाराम पेश गर्नेको नाम, ठेगाना र फोन नं. उल्लेख गरि सही छाप गरी सिलबन्दी लाहाछाप लगाई खामको बाहिर कामको विवरण, ठेक्का नं. समेत उल्लेख गरी चालु आ.व. को लागि नवीकरण भएको फर्म, संस्था वा कम्पनी दर्ताको प्रमाणपत्र, व्यवसाय दर्ताको इजाजतपत्र, स्थायी लेखा दर्ता प्रमाणपत्र, मू.अ.कर दर्ता प्रमाणपत्र एवम् आ.व. ०७४/०७५ को कर चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपी, बोलपत्रदाताले खरिद कारवाहीमा भाग लिन अयोग्य नभएको, प्रस्तावित खरिद कारवाहीमा आफ्नो स्वार्थ नबाझिएको र सम्बन्धित पेशा वा व्यवसाय सम्बन्धी कसूरमा आफूले सजाय नपाएको भनी लिखित रुपमा गरेको घोषणा पत्रहरु संलग्न राखी यस आयोगको प्रशासन शाखामा दर्ता गराइसक्नु पर्नेछ । सो सिलबन्दी दरभाउपत्र/बोलपत्र दर्ता गर्ने अन्तिम दिनको २.०० बजे बोलपत्रदाता/दरभाउपत्रदाता वा निजहरुले अख्तियारनामा दिई पठाएका प्रतिनिधीहरु समेतको रोहबरमा खोलिने छ । सिलबन्दी दरभाउपत्रदाता/बोलपत्रदाता वा निजका प्रतिनिधी उपस्थित नभए पनि बोलपत्र/दरभाउपत्र खोल्न बाधा पर्ने छैन ।

३. सिलबन्दी बोलपत्र/दरभाउपत्रदाताले खरिद कारवाहीमा भाग लिन अयोग्य नभएको, प्रस्तावित खरिद कारवाहीमा आफ्नो स्वार्थ नबाझिएको र सम्बन्धित पेशा वा व्यवसाय सम्बन्धी कसुरमा कुनै सजाय नपाएको भनि लिखित रुपमा घोषणा गरेको कागजात बोलपत्र फारामसाथ पेश गर्नुपर्नेछ ।

४. सिलबन्दी बोलपत्र/दरभाउपत्र साथ जमानत वा तपसिलमा उल्लेख गरे बमोजिमको जमानत रकम कार्यालय कोड २१-०००-३५०१ र कोष तथा लेखा नियन्त्रक समन्वय कार्यालय, थापाथलीको नाममा नेपाल राष्ट्र बैंक, थापाथलीमा रहेको धरौटी खाता नं. १२०१२००००१००२५२४ मा दाखिला गरेको सक्कलै बैंक भौचर वा यस आयोगको नाममा जारी गरिएको बोलपत्र दाखिला हुने अन्तिम दिनबाट गणना हुने गरि बोलपत्रको हकमा १२० दिन र दरभाउपत्रको हकमा ९० दिन अबधि (Validity) रहेको सक्कल बैंक जमानीपत्र (Unconditional Bid bond) संलग्न गरी पेश गर्नुपर्ने छ ।

५. म्याद नाघी आएको वा रीत नपुगेको वा कुनै पनि शर्त राखी पेश गरेको सिलबन्दी बोलपत्र/दरभाउपत्र उपर कुनै कारवाही हुने छैन ।

६. बोलपत्र/दरभाउपत्र सम्बन्धी सम्पूर्ण कुराहरु यसमा लेखिए बमोजिम र यसमा उल्लेख नभएको हकमा सार्बजनिक खरिद ऐन, २०६३, सार्वजनिक खरिद नियमावली, २०६४ तथा नेपाल सरकारका अन्य प्रचलित ऐन, नियमहरु बमोजिम हुनेछन् ।

७. बोलपत्र/दरभाउपत्र खरिद गर्ने तथा पेश गर्ने अन्तिम दिन सार्वजनिक बिदा पर्न गएमा सो कार्यहरु क्रमशः कार्यालय खुलेको अर्को दिन हुनेछ ।

८. बोलपत्र/दरभाउपत्रको BOQ मा उल्लेखित मालसामानहरु बोलपत्र/दरभाउपत्र स्वीकृती पश्चात् आयोगमा आपूर्ति गर्दा कम्पनीको होलोग्राम भएको Original सामानहरु मात्र आयोगमा उपलब्ध गराउनु पर्ने छ । ठेक्का नं ८ को हकमा आवेदन दिने आवेदकले जिल्ला प्रशासन कार्यालयबाट छपाइ सम्बन्धी कार्य गर्नको लागि इजाजत प्राप्त गरेको हुनु पर्नेछ ।

९. बोलपत्र/दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने वा आंशिक रुपमा स्वीकृत गर्ने सम्पूर्ण अधिकार यस आयोगमा सुरक्षित रहने छ । बोलपत्र सम्बन्धी अन्य कुराहरु बुझ्नु परेमा यस आयोगको जिन्सी शाखामा आई बुझ्न सकिने छ ।

१०. प्रत्येक ठेक्का नं. को फरक फरक टेण्डर डकुमेन्ट खरिद गरी पेश गर्नुपर्नेछ । यस सम्बन्धी सूचना आयोगको website: www.psc.gov.np मा समेत हेर्न सकिने छ ।

## तपसिल

| क्र.सं. | ठेक्का नं. | कामको विवरण | जमानत रकम रु. | दरभाउपत्र/ बोलपत्र दस्तुर रु. | खरिद गर्ने अन्तिम मिति | दाखिला गर्ने अन्तिम मिति | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १. | १/२०७६/०७७ | फोटोकपी पेपर | ५३,०००.०० | १,०००.०० | २०७६/०५/२३ (कार्यालय समयभित्र) | २०७६/०५/२४ (१२ बजे सम्म मात्र) | सिलबन्दी दरभाउपत्र |
| २. | २/२०७६/०७७ | शुद्ध पिउने पानी | २१,०००.०० | १,०००.०० | | | |
| ३. | ३/२०७६/०७७ | कार्यालय सरसफाइ | ४५,०००.०० | १,०००.०० | | | |
| ४. | ४/२०७६/०७७ | फोटोकपी/प्रिन्टर टोनर | ७५,०००.०० | ३,०००.०० | २०७६/०६/०७ (कार्यालय समयभित्र) | २०७६/०६/०८ (१२ बजे सम्म मात्र) | सिलबन्दी बोलपत्र |
| ५. | ५/२०७६/०७७ | खाम तथा कपडाको थैला | ८०,०००.०० | ३,०००.०० | | | |
| ६. | ६/२०७६/०७७ | ओ.एम.आर उत्तरपुस्तिका | १४०,०००.०० | ३,०००.०० | | | |
| ७. | ७/२०७६/०७७ | कार्यालय सामान तथा मसलन्द | १६०,०००.०० | ३,०००.०० | | | |
| ८. | ८/२०७६/०७७ | उत्तरपुस्तिका छपाइ | १६५,०००.०० | ३,०००.०० | | | |

**www.psc.govnp**